आज मिति २०७६।०८।२२ गते आईतबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री वीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री वीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बविता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

# माधव नारायण नगरपालिका
# प्रधानमन्त्री रोजगार कार्यक्रम २०७६।०७७ को
# योजना छनौटको सारांश

यस आर्थिक वर्ष ०७६।०७७ मा माधव नारायण नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि प्रत्येक वडा बाट प्राप्त योजनाहरुको सारांश।

(१) वडा नं. १ दिपही

- जुगुल रायको खलिहान देखि खेसरहीया जाने सडक मर्मत २ कि.मी., लिलाधर प्रसादको खलिहान देखि विरेन्द्र राजमार्ग सम्म सडक मर्मत ३ कि.मि. , माई ब्रहम स्थान देखि पोखरी सम्म १ कि.मि. , सुनर माई देखि ब्रहम स्थान सम्म १ कि.मि. सडक मर्मत र लक्ष्मी महतोको खेत देखि टुभी सम्म १ कि.मि. सडक मर्मत गर्ने।
- जयनगर देखि दिपही साविक २ न. वडा सम्म को नहर तथा रणधीर प्र. यादवको पोखरी देखि चुल्हाई राय यदवको खेत सम्मको कामदेई नहर र बैरेज देखि बरण रायको खेत सम्मको नहर मर्मत र सरसफाई गर्ने।
- दिपही वडाको सम्पुर्ण पक्की नाला ३ कि.मि. मर्मत र सरसफाई गर्ने।

(२) वडा नं. २ खेसरहीया

- खहेरु साहको घर देखी पश्चिम पुरानो सडक सम्म मर्मत गर्ने।
- कुलो तथा पैनी सरसफाई मर्मत गर्ने।
- नेटुनिया माईको पोखरी आँट मर्मत गर्ने।
- प्रसुती गृहको मर्मत तथा सरसफाई गर्ने।

(३) वडा नं. ३ सखुअवा

- सिचाँईका लागि कुलो तथा पैनी निर्माण।
- स्वास्थ्य चौकी तथा प्रसुती गृहको निर्माण तथा मर्मत संभार गर्ने।
- श्री देवी माध्यामिक विद्यालय सखुअवाको विद्यालय भवन तथा परिसरमा सौचालय निर्माण गर्ने।

(४) वडा नं. ४ विसुनपुर्वा मानपुर

- विसुनपूर्वा टोल चकरघटिया देखी मानपुर टोल विनोद मुखियाको घर हुदै पश्चिम उत्तर जयनगर जाने बाटोको फलामे पुल सम्मको सडक मर्मत गर्ने।
- श्री बालविकास आधारभुत विद्यालय विसुनपूर्वा मानपुर को भवन मर्मत संभार गर्न।
- पुन प्रसाद साहको खलिहान देखी उत्तर ट्रान्सफरमर सम्म र अच्छेलाल पंडितको घर देखी उत्तर बन्ती मुखियाको घरसम्म नाला सरसफाई गर्ने।

(५) वडा नं. ५ मिठुअवा

- महेन्द्र साहको घरदेखी वडा कार्यालय, स्वास्थ्य चौकी जाने सडकलाई ग्रेभल तथा मर्मत गर्ने।
- मिठुअवा गाँउमा भएर बगिरहेको झाँझ नदी नियन्त्रण तथा मर्मत गर्ने।
- साविक वडा नम्बर ७ मिठुअवामा कुलो पैनी निर्माण तथा मर्मत गर्ने।

(६) वडा नं. ६ माधोपुर

- यस वडा भित्रमा अवश्यक ठाउँ ठाउँमा कुलो निर्माण।
- यस वडा भित्र रहेको पर्यटकिय स्थल श्री गढीमाई मन्दिर जाने बाटो जिर्ण अवस्थाको बाटोलाई स्तरोन्नती गरि बाटो निर्माण गरि माटो तथा ग्रेभल गर्ने।
- वडा क्षेत्र भित्र सरसफाईको लागि फोहोर व्यवस्थापनका विभिन्न ठाउँमा नाला, मठ, मन्दिर, स्वास्थ्य चौकी, विद्यालय, सार्वजनिक चौक चौताराहरु जस्ता विभन्न स्थानहरुको सफाई गर्ने।

(७) वडा नं. ७ पिपरा रजवडा

- राज कुमार सिंहको खेत देखी पश्चिम रामदेव सहनीको घरको पछाडी हुदैँ बाटो पारि रामजानकी मठ हुदैँ हिरा रायको रुख बगैचासम्म २ कि.मि. कुलो निर्माण तथा मर्मत गर्ने।
- भावडी खोला पारी राम उपनेत महतोको खेत देखि उत्तर जाने कृषि बाटो महेन्द्र रायको खेत हुदैँ सुनिल कुमार यादवको खेत सम्म १.५ कि.मि. सडक निर्माण तथा मर्मत कार्य गर्ने।
- राम चन्द्र ठाकुरको खलिहान हुदैँ उत्तर तर्फ जाने बाटो मुसहरनिया डिह हुदैँ माधोपुर जोड्ने १.५ कि.मि. सडक निर्माण तथा मर्मत गर्ने।

(८) वडा नं. ८ पिपरा रजवडा

- सिचाँईको लागि मेन नहर देखी गढो सिमाना सम्म कुलो तथा पैनीको मर्मत सम्भार।
- खर्की प्रा.वि. विद्यालयको खेल मैदान निर्माण।
- खर्की मठ देखी रविन्द्रको बगैचा सम्म सडक मर्मत तथा निर्माण।

(९) वडा नं. ९ गढो भगवानपुर

- वागमती नदीको पश्चिम तर्फको तटबन्ध देखी पुर्व पट्टिको बगही सडक मर्मत गर्ने।
- बगही सडक देखी सशस्त्र वेश क्याम्प सम्म रजैया सडक मर्मत गर्ने।
- यस वडा भित्रको सडक तथा स्वास्थ्य चौकी, वडा कार्यालय हाताभित्र सरसफाई तथा मर्मत गर्ने।

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस माधव नारायण नगरपालिका अन्तर्गतका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य चौकीहरु तथा विद्यालयहरुका चल अचल सम्पत्तीहरुको राजश्व संकलनका लागि सम्बन्धित सम्पत्तीहरुको डाँक, बढाबढ, घटाघट, ठेक्का आदि एकिकृत रुपमा यस नगर कार्यपालिकाको कार्यालयबाट संचालन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. २ :

यस नगरपालिकामा आ.व. २०७५/०७६ मा तराई मधेश समृद्धि कार्यक्रम शिर्षकबाट संचालन भएको श्री राधाकृष्ण मा. वि. भिठुअवाको विद्यालय भवन निर्माण कार्यक्रम तथा सडक बोर्ड नेपाल अन्तर्गत यस नगरपालिकाको सहभागिता तर्फको १०% (दश प्रतिशत) बराबरको रकम गत आर्थिक वर्षमा म्याचिङ्ग फण्ड शिर्षकमा रकम नभएको कारण भुक्तानी हुन नसकेको हुँदा सो वापतको भुक्तानी यस आ. व. को म्याचिङ्ग फण्ड शिर्षकबाट भुक्तानी दिनका लागि यस नगरपालिकाका लेखापाल तथा प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिकाको आ.व. २०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजीमका कार्यक्रम स्वीकृत गरी संचालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner